जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ३६१ • २०८३ कार्तिक २ गते सोमवार • 19 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# बडादसैँको आठौँ दिन महाअष्टमीमा नवदुर्गा भवानीको आठौँ स्वरूप माता महागौरीको विधिपूर्वक पूजाआराधना



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ कार्तिक**

बडादसैँको आठौँ दिन महाअष्टमीमा आइतबार नवदुर्गा भवानीको आठौँ स्वरूप माता महागौरीको विधिपूर्वक पूजाआराधना गरिँदै छ। माता महागौरीको स्वरूप अत्यन्त गोरो, शान्त र सौम्य छ।

उहाँको वाहन वृष र सिंह हुन्। उहाँका चार हातमा त्रिशूल, डमरू तथा अभय र वरद मुद्रा रहेका छन्। 'श्वेत वृषे समारूढा श्वेताम्बरधरा शुचिः। महागौरी शुभं दद्यान्महादेवप्रमोददा॥' मन्त्रले पुकार गर्दै 'या देवी सर्वभूतेषु माँ महागौरी रूपेण संस्थिता।' मन्त्रले महागौरीको प्रार्थना गरिन्छ। पौराणिक कथा अनुसार माता पार्वतीले भगवान् शिवलाई पतिका रूपमा पाउनका लागि हजारौँ वर्षसम्म कठोर तपस्या गर्नुभयो। लामो समयसम्म घाम, पानी, धुलो र आँधीबेहरी सहँदै तपस्या गरेका कारण उहाँको शरीर पूर्ण रूपमा कालो र मैलो भएको थियो। जब भगवान् शिव उहाँको तपस्याबाट प्रसन्न हुनुभयो तब उहाँले माता पार्वतीलाई स्वीकार गर्नुभयो। शिवजीले गङ्गाजीको पवित्र जलले माता पार्वतीको शरीर धोइदिनुभयो। गङ्गाजलको स्पर्श हुनासाथ माता पार्वतीको कालो वर्ण हटेर चन्द्रमा जस्तै दैदिप्यमान र गोरी हुनुभयो। उहाँको यो अत्यन्त गोरो र उज्ज्वल रूप देखेर भगवान् शिवले उहाँलाई 'महागौरी' नाम दिनुभयो।

अर्को एक कथा अनुसार माता पार्वतीः जब जङ्गलमा तपस्या गरिरहनुभएको थियो तब एउटा भोको सिंह उहाँलाई आफ्नो आहार बनाउने इच्छाले त्यहाँ आयो तर मातालाई तपस्यामा लीन देखेर ऊ त्यहीँ चुपचाप बस्यो। माता कहिले उठ्नु हुन्छ र खाऊँला भनी पर्खिरह्यो। यसरी बर्सौं बित्यो, मातासँगै त्यो सिंह पनि भोकभोकै त्यही स्थानमा बसिरह्यो। जब माता पार्वती तपस्याबाट उठ्नुभयो तब उहाँले सिंहलाई पनि आफूसँगै भोको र तिर्खाएको अवस्थामा बर्सौंदेखि बसेको देख्नु भयो। सिंहको यो तपस्या र धैर्य देखेर माता निकै प्रसन्न हुनुभयो। उसलाई आफ्नो वाहन बनाउनुभयो। त्यसैले माता महागौरीको वाहन सिंह र वृष दुवैलाई मानिन्छ।महाअष्टमी पर्व विशेष उत्साह र धार्मिक विधिपूर्वक मनाइन्छ। यस दिन देशका विभिन्न प्रसिद्ध शक्तिपीठमा भक्तजनको ठुलो घुइँचो लाग्छ। दसैँघर वा पूजाकोठामा स्थापना गरिएको कलश र जमरा राखेको ठाउँमा माता महागौरीको विशेष पूजा गरिन्छ। महाअष्टमीको रातिलाई 'कालरात्रि' भनिन्छ। यस रात तान्त्रिक विधिबाट देवी दुर्गाका नौ वटा रूप र संहारकी देवी शमहाकालीको विशेष महापूजा र होम-यज्ञ गरिन्छ। मध्यरातमा गरिने यो पूजालाई निकै शक्तिशाली र रहस्यमयी मानिन्छ। महाअष्टमीका दिन आसुरी शक्तिमाथि दैवीशक्तिको विजयको प्रतीक स्वरूप बोका, राँगा, कुखुरा वा हाँसको बलि दिने परम्परा छ।

# सन्तानको दीर्घायु, पारिवारिक सुख, शान्ति र समृद्धिको कामना गर्दै खोइँछ भराई

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ कार्तिक**

दसैँको महाअष्टमीका अवसरमा जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरमा दुर्गा माताको खोइँछ भर्न हजारौँ महिलाको घुइँचो लागेको छ।

सन्तानको दीर्घायु, पारिवारिक सुख, शान्ति र समृद्धिको कामना गर्दै महिलाहरू बिहानैदेखि विभिन्न शक्तिपीठमा पुगेर धार्मिक विधिअनुसार खोइँछ भरिरहेका छन्। जनकपुरधामका महिलासँगै धनुषा तथा आसपासका ग्रामीण क्षेत्रबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु महिला खोइँछ भर्न मन्दिर पुगेका छन्।



पूजासामग्री र फूलडाली सहित मन्दिर पुगेका महिलाहरू पूजापाठमा व्यस्त देखिएका छन्। भक्तजनको चाप बढेपछि जनकचोक, जानकीचोक, भानुचोक र शिवचोकलगायत आसपासका मुख्य बजारका व्यापारिक प्रतिष्ठानसमेत बन्द रहेका छन्। राजा जनककी कुलदेवीका रूपमा परिचित राजदेवी मन्दिरमा खोइँछ भर्नुका साथै लड्डु चढाउने भक्तजनको पनि उल्लेख्य भीड लागेको छ। लड्डु चढाउन शुक्रबार राति २ बजेदेखि नै श्रद्धालुहरू लामबद्ध भएका थिए।

महाअष्टमीका दिन राजदेवी माताको दर्शन गर्ने र भाकलअनुसार प्रसाद चढाउने धार्मिक परम्पराका कारण मन्दिर परिसरमा बिहानैदेखि चहलपहल बढेको हो। मिथिलामा दुर्गा माताको खोइँछ भर्ने परम्परा प्राचीन समयदेखि चलिआएको छ। विवाहिता छोरीलाई माइतीबाट बिदाइ गर्दा नयाँ कपडामा पान, सुपारी, पैसा, धान वा चामल, सिन्दूर, बेसार, फूल र फल राखेर खोइँछ दिने चलन छ।

यही परम्परालाई निरन्तरता दिँदै महिलाहरूले दुर्गा माताको खोइँछ भर्ने गरेका छन्। यसरी खोइँछ भर्दा घरपरिवारमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ। तिथिको हेरफेरका कारण यस वर्ष खोइँछ भर्ने समय केही फरक परेको छ।




## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबुद्धवर्गको रुचि

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



सम्पादकीय.....................

# नेवारहरूको अनौठो दशैं

नेवार समुदायको दशै अनौठो रहेको देखिन्छ। दशैंमा नेवारहरू नौ दिनसम्म विभिन्न तीर्थस्थलमा गएर नुहाउने र शक्तिपीठको दर्शन गर्छन्। नौ दिनसम्म दुर्गाको पूजा गरिने भएकाले दसैंलाई नवरात्रि (नौरथा) पनि भन्ने गरिन्छ। नेवारहरू सहरको टोल टोलमा बाजा बजाउँदै प्रत्येक दिन सूर्योदय हुनुअगावै नुहाउने गर्छ। प्रतिपदाका दिन शङ्करतीर्थ (शङ्खमूल), द्वितीयाका दिन निर्मलतीर्थ (शोभाभगवती), तृतीयाका दिन गोकर्णतीर्थ (गोकर्ण), चौथीका दिन कालमोचनतीर्थ (कालमोचन), पञ्चमीका दिन पञ्चनारीतीर्थ (पचली), षष्टीका दिन मनोरथतीर्थ (टोखा), सप्तमीका दिन देवतीर्थ (देउपाटन), अष्टमीका दिन चिन्तामणितीर्थ (टेकुदोभान), नवमीका दिन भवानीतीर्थ (ढोकाटोल) मा गई नुहाएर पीठको पूजा गरी फर्कने गरिन्छन। नवमीका दिन हनुमानढोकास्थित तलेजु भवानी दर्शन गरी त्यहीं भोज खाई नवरथ (नौरथा) सम्पन्न गर्ने चलन रहेको देखिन्छ। यसरी नवमीसम्म नवरथ गएकाहरू दशमीका दिन शान्ततीर्थ (गुह्येश्वरी) मा पनि गई नुहाउने चलन रहेका छन। नौ स्वरूपकी भगवतीलाई हामी समग्रमा नवदुर्गा भनेर पुज्ने गर्छौं। शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री नवदुर्गाका नाम हुन्। नौ दिनसम्म नवदुर्गाको पूजा गरेर नवरात्र मनाइने गरिन्छ। सप्तमीदेखि दसैंको भव्यता सुरु हुन्छन। यस दिनलाई फूलपाती भनिन्छन।

# मोटरसाइकल दुर्घटनामा परी ७० वर्षीया वृद्धाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ असोज**



रौतहटको मौलापुर नगरपालिका-२ मर्यादपुरमा आइतबार भएको मोटरसाइकल दुर्घटनामा परी ७० वर्षीया वृद्धाको मृत्यु भएको छ। दुर्घटनामा दुई जना घाइते छन्।

जिल्ला प्रहरी कार्यालय गौरका अनुसार मौलापुर-शीतलपुर सडकखण्डमा भएको मोटरसाइकल दुर्घटनामा परी फतुवा विजयपुर नगरपालिका-२ शीतलपुरकी ७० वर्षीया वृद्धा सोमरिया देवी ठाकुरको मृत्यु भएको हो। दुर्घटनामा मोटरसाइकल चालक त्रिविक्रम ठाकुर र उनकी बुहारी सीमा कुमारी ठाकुर घाइते भएका छन्। प्रहरीका अनुसार मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हो। मौलापुरबाट शीतलपुर जाँदै गरेको बा ३७ प ९९७७ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार तीनै जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी वसन्त गौतमले जानकारी दिए। प्रहरीका अनुसार मोटरसाइकलमा तीन जना सवार थिए। घाइतेमध्ये सोमरियाको अवस्था चिन्ताजनक थियो। तीनै जनालाई उपचारका लागि बाराको कलैयास्थित राजलक्ष्मी अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा वृद्धा सोमरियाको मृत्यु भएको डीएसपी गौतमले बताए। 'घाइते त्रिविक्रम र सीमा कुमारीको उपचार भइरहेको छ,' उनले भने, 'दुर्घटनाको कारण मोटरसाइकल अनियन्त्रित भएको भन्ने प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। हामी अनुसन्धान गर्दै छौं।' मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको प्रहरीले जनाएको छ।

# कमला-ढल्केबर-पथलैया सडकखण्डको विस्तार कार्य अत्यन्त सुस्त

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १ कार्तिक**



राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पूर्वपश्चिम महेन्द्र राजमार्गस्थित कमला-ढल्केबर-पथलैया सडकखण्डको विस्तार कार्य अत्यन्त सुस्त बनेको छ। राजमार्गलाई चार लेनमा विस्तार गर्न सम्झौता भएको ६८ प्रतिशत समय गुज्रिसक्दा निर्माण व्यवसायीले भर्खर ३० प्रतिशत मात्र काम सम्पन्न गरेका छन्। तीन वर्षभित्र धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर सडकलाई बजार क्षेत्रमा छ लेन र अन्यत्र चार लेनमा विस्तार गर्न तीन खण्डमा ठेक्का लागेको छ।

कमला-ढल्केबर-पथलैया सडक आयोजनाका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले सडक विस्तारको काम ३० प्रतिशतभन्दा बढीले पछि परेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यही अवस्थामा तीन वर्षभित्र सडक विस्तारको काम सकिने देखिँदैन। समय थप्नैपर्ने अवस्था रहेको छ।"

राजमार्गको पहिलो खण्ड कमला पुलदेखि बडहरीसम्म (२२ किलोमिटर) भारतको इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड, दोस्रो खण्ड बडहरीदेखि सर्लाहीको फूलजोरसम्म (२९ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन र तेस्रो खण्ड फूलजोरदेखि बागमती पुलसम्म (२३ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन कम्पनीले नै ठेक्का सकार गरेका छन्। धनुषा खण्डमा ३० प्रतिशत, महोत्तरी खण्डमा २८ प्रतिशत र सर्लाहीमा ३६ प्रतिशत काम सम्पन्न भएको छ। पुल र कलभर्ट निर्माण भएकाले यति प्रगति देखिए पनि सडकको काम भने शून्य जस्तै रहेको आयोजना प्रमुख दासले बताउनुभयो। नेपाल विद्युत् प्राधिकरणले तीन हजार पोल हटाइदिनुपर्ने भए पनि अहिलेसम्म एक हजार पाँच सय जति पोल मात्रै स्थानान्तरण भएकाले पनि सडक विस्तारको काम गर्न समस्या परेको सडक आयोजनाले जनाएको छ। बिहीबार मात्र निर्माणाधीन सडकको अवलोकनमा आएका प्रतिनिधि सभाको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले दुई महिनाअघि र अहिले आउँदा राजमार्ग विस्तारमा खासै प्रगति नदेखिएको बताउनुभयो।

हार्दिक शुभकामना



हिन्दुहरुको महान चाड बडा दशैं, २०८३ को अवसर मा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईंको टुडे

मेष: अनावश्यक चिन्ता

वृष: अशुभ समाचार प्राप्त हुने

मिथून: लामो यात्राको योग छ

कर्कट: अनावश्यक खर्चको संभावना

सिंह: विचार गरेर बोल्नुहोला

कन्या: पिछडेको साथी मिल्ने

तुला: शुभ कार्यको शुरुवात

वृश्चिक: खानपानमा समस्या आउने

धनु: मनमा पछुतो आउने

मकर: मित्रतामा फाटो आउने

कूम्भ: पढाईमा ध्यान दिनुपर्ने

मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| **आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं** | **१९७** |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# रुसमाथिका प्रतिबन्धमा ट्रम्पको रोक



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ कार्तिक

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथि लगाइने आर्थिक प्रतिबन्ध तथा शुल्क (ट्यारिफ) कार्यान्वयनमा ६० दिनको रोक लगाएका छन्।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोका अनुसार विश्व अर्थतन्त्र तथा अमेरिकी बजारमा यसको प्रभाव कस्तो पर्छ भन्ने विश्लेषण गर्न ६० दिनको समय लिइएको हो। तर, यस निर्णयले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई प्रत्यक्ष फाइदा पुग्ने भन्दै अमेरिकी सांसदहरू र युक्रेनले तीव्र आलोचना गरेका छन्। विदेशमन्त्री रुबियोका अनुसार इरानसँगको द्वन्द्व र यमनका हुथी समूहका आक्रमणका कारण विश्वभर तेल तथा डिजेलको मूल्य अत्यधिक बढेको छ। डिजेल कृषि, सडक निर्माण र उद्योग क्षेत्रका लागि अत्यावश्यक इन्धन भएकाले बजारमा इन्धनको उपलब्धता सहज बनाउन र मूल्य नियन्त्रण गर्न यस्तो निर्णय व्यावहारिक भएको उनको तर्क छ। अमेरिकामा आगामी महिना हुने मध्यावधि निर्वाचनअघि बढ्दो इन्धन मूल्य अमेरिकी मतदाताहरूको प्रमुख चिन्ता बनेको छ। अमेरिकी कङ्ग्रेसले पारित गरेको कानुनअनुसार रुसी अधिकारी, धनाढ्य वर्ग र वित्तीय संस्थामाथि प्रतिबन्ध लगाउनुका साथै रुसी तेल तथा ग्यास खरिद गर्ने मुलुक वा निकायलाई कारबाही गर्ने अधिकार राष्ट्रपतिलाई दिइएको थियो। कानुन लागू हुनुभन्दा दुई दिनअघि ट्रम्पले कार्यकारी आदेश मार्फत ६० दिनको छुट दिएपछि राजनीतिक वृत्तमा तरंग पैदा भएको छ। रिपब्लिकन सिनेटर थोम टिलिसले यस कदमलाई गैरजिम्मेवार भन्दै ऊर्जाको मूल्य घटाउन पुटिनलाई राहत दिनुको साटो इरानको समस्या समाधानमा ध्यान दिनुपर्ने बताएका छन्।

# अक्षय कुमार फेरि प्रियदर्शनसँग, ७० को दशकको कथामा 'टाइगर हन्टर' बन्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ कार्तिक



बलिउडका चर्चित अभिनेता अक्षय कुमार र दिग्गज निर्देशक प्रियदर्शन फेरि एकपटक नयाँ कमेडी फिल्ममार्फत सँगै आउने भएका छन्। लामो समयपछि पुनः सहकार्य गर्न लागेका यी दुईको नयाँ फिल्ममा अक्षय कुमार बाघ शिकारी अर्थात् 'टाइगर हन्टर'को भूमिकामा देखिने भएका छन्।

बलिउड सञ्चारमाध्यमका अनुसार हालसम्म नाम सार्वजनिक नगरिएको यो फिल्मको कथा सन् १९७० को दशकको पृष्ठभूमिमा आधारित हुनेछ। निर्देशक प्रियदर्शनको करिअरको ९९औं फिल्मका रूपमा रहने यस परियोजनालाई रमेश तौरानीले निर्माण गर्नेछन्।

फिल्मको छायाङ्कन आगामी नोभेम्बरको अन्तिम साताबाट सुरु गर्ने तयारी गरिएको छ। करिब तीन महिनासम्म चल्ने छायाङ्कनका लागि राजस्थानका जंगल र मुम्बईमा भव्य सेट निर्माण गरिनेछ। यसका साथै निर्माण टोलीले भोपालका विभिन्न स्थानमा पनि छायाङ्कन गर्ने सम्भावनालाई ध्यानमा राख्दै लोकेसन खोजिरहेको बताइएको छ।

फिल्ममा अक्षय कुमारसँगै अनुभवी कलाकार अन्नु कपुर र लोकप्रिय कमेडियन राजपाल यादव पनि महत्त्वपूर्ण भूमिकामा देखिनेछन्। अभिनेत्रीको छनोट भने अझै टुङ्गिएको छैन। फिल्मको पटकथा प्रियदर्शन र रोहन शंकरले संयुक्त रूपमा लेखेका हुन्। यसअघि यी दुईले 'भूत बंगला'मा सहकार्य गरेका थिए। अक्षय कुमार र प्रियदर्शनको सहकार्य सन् २००० मा प्रदर्शन भएको चर्चित कमेडी फिल्म 'हेरा फेरी'बाट सुरु भएको थियो।

# दसैंको समयमा खाना पकाउने ग्यास अभाव नहुने

जलेश्वरटुडे समाचारदाता
सर्लाही, १ कार्तिक



सर्लाहीमा दसैंको समयमा खाना पकाउने ग्यास अभाव नहुने व्यवसायीले बताएका छन्।

उपभोक्ताले सहज रूपमै ग्यास प्राप्त गरिरहेका ग्यास विक्रेता सङ्घ सर्लाहीले जनाएको छ। सङ्घका जिल्ला अध्यक्ष एवं बरहथवा बजारका ग्यास विक्रेता लालबाबु महतोले कम्पनीबाट नियमित ग्यास आइरहेकाले खासै अभाव नरहेको जानकारी दिनुभयो। धेरै जसो बिक्रेताले खाली सिलिन्डर ल्याउनासाथ उपभोक्तालाई भरिएको सिलिन्डर दिएर पठाउन थालिसकेका छन्। उहाँले भन्नुभयो, "ग्यासको पूर्ण रूपमा अभाव टरिसकेको त छैन तर पनि दसैंका बेला अभाव नै भएको अवस्था भने होइन।"

सर्लाहीमा मासिक करिब ७० हजार ग्यास सिलिन्डर खपत हुने गरेको छ। ग्यास विक्रेताले क्रमिक रूपमा कोटा अनुसारकै ग्यास आउन थालेकाले अभाव कम हुँदै गएको बताएका छन्। लालबन्दी नगरपालिका-६, जनवादी चोकका स्थानीय बासिन्दा राजन पोखरेलले एक/डेढ महिनाअघि जस्तो ग्यासका लागि मरिहत्ते नरहेको बताउनुभयो।









# मल कारखाना स्थापना कति सम्भव ?



-नेपालमा वार्षिक करिब पाँच लाख मेट्रिक टन ग्रिन युरिया उत्पादन गर्ने मल कारखाना स्थापनाका लागि सरकारले प्रस्ताव आह्वान गरेको छ। यसले मलको बाह्य निर्भरता घटाउँदै कृषि उत्पादन, खाद्य सुरक्षा र स्वदेशी औद्योगीकरणमा योगदान पुऱ्याउन सक्छ। जलविद्युत्, सौर्य ऊर्जा, पानी र औद्योगिक कार्बन डाइअक्साइडको उपयोगबाट ग्रिन युरिया उत्पादन गर्न सकिने भएकाले परियोजना प्राविधिक तथा लगानीका दृष्टिले सम्भावनायुक्त देखिन्छ।

तर यसको सफलताका लागि उपयुक्त प्रविधि, लगानी मोडालिटी, ऊर्जा आपूर्ति र उत्पादित मलको बजार सुनिश्चित गर्न आवश्यक छ। परियोजनाले रोजगारी सिर्जना, हरित औद्योगीकरण र ठूलो परिमाणको मल अनुदान स्वदेशमै परिचालन गर्ने अवसर दिनेछ। अब विगतका अध्ययनमा सीमित नरही ठोस प्रस्ताव, लगानी र प्रभावकारी सहकार्यका आधारमा कार्यान्वयनतर्फ अघि बढ्नुपर्ने आवश्यकता छ। नेपालमा खेतीपातीको मुख्य सिजन सुरु भएसँगै बर्सेनि रासायनिक मलको अभाव देखापर्छ। किसानले समयमै पर्याप्त मल पाउन नसक्दा कृषि उत्पादन, उत्पादकत्व र समग्र कृषि अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने गरेको छ। मलको समस्या लामो समयदेखि सडकदेखि सदनसम्म निरन्तर उठ्दै आए पनि यसको दीर्घकालीन समाधान हुन सकेको छैन। यसैबीच देशमै वार्षिक करिब पाँच लाख मेट्रिक टन ग्रिन युरिया उत्पादन गर्ने कारखाना स्थापना गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयले अवधारणा, विस्तृत विवरण तथा कार्यान्वयनको ढाँचासम्बन्धी प्रस्ताव आह्वान गरेको छ। देशको कृषि क्षेत्र, किसानको हित, खाद्य सुरक्षा र स्वदेशी औद्योगीकरणका दृष्टिले यो महत्त्वपूर्ण पहल हो। नेपालमा मल कारखाना स्थापना गर्ने उद्देश्यले सन् १९८४ मै जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले वार्षिक दुई लाख मेट्रिक टन क्षमताको मल कारखाना स्थापनासम्बन्धी अध्ययन प्रतिवेदन तयार गरेको थियो। त्यसपछि लगानी बोर्ड नेपाल, काठमाडौं विश्वविद्यालयलगायत विभिन्न संस्था तथा निकायहरूले पनि यस विषयमा अध्ययन-अनुसन्धान गर्दै आएका छन्। यद्यपि अहिलेसम्म नेपालमा व्यावसायिक तहको मल कारखाना स्थापना हुन सकेको छैन। मल आपूर्तिमा देखिने समस्याका पछाडि भूराजनीतिक परिस्थिति, अन्तर्राष्ट्रिय बजारमा निर्भरता, पारवहन तथा ढुवानीका चुनौती र आपूर्ति शृंखलामा हुने अवरोधलगायत कारण छन्। यी समस्याको दीर्घकालीन समाधानका लागि स्वदेशमै मल उत्पादन गर्ने क्षमताको विकास गर्न आवश्यक छ। यसले किसानलाई खेतीपातीको समयमा पर्याप्त मल उपलब्ध गराउनुका साथै मल आपूर्तिमा नेपालको बाह्य निर्भरता घटाउन र खाद्य सुरक्षालाई सुदृढ बनाउनसमेत योगदान पुऱ्याउनेछ।

मल कारखाना स्थापनाका लागि सरकारले गरेको प्रस्ताव आह्वानले मुख्य तीनवटा पक्षमा स्पष्टता ल्याउने अपेक्षा गरिएको छ। पहिलो, प्राविधिक तथा आर्थिक सम्भाव्यता। नेपालमा मल कारखाना स्थापना गर्न कुन प्रविधि उपयुक्त हुन्छ, परियोजना प्राविधिक तथा व्यावसायिक रूपमा कति सम्भाव्यता छ र यसको लागत, ऊर्जा आवश्यकता तथा उत्पादन लागत कस्तो हुन्छ भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, लगानीकर्ता र प्राविधिक संस्थाबाट प्राप्त प्रस्तावहरूको मूल्यांकन गर्न सकिनेछ।

दोस्रो, लगानी तथा कार्यान्वयनको उपयुक्त मोडालिटी। परियोजना सार्वजनिक-निजी साझेदारी (पीपीपी), बिल्ड-अपरेट-ट्रान्सफर (बीओटी), बिल्ड-ओन-अपरेट-ट्रान्सफर (बीओओटी) वा पूर्ण निजी लगानीमध्ये कुन मोडेलमा सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने विषयमा आवश्यक आधार तयार हुनेछ। यसबाट सरकारको भूमिका, निजी क्षेत्रको सहभागिता, लगानीको संरचना, स्वामित्व, सञ्चालन तथा नियमनसम्बन्धी विषयलाई व्यवस्थित गर्न सहयोग पुग्नेछ। तेस्रो, लगानी सहजीकरण र उत्पादित मलको बजार सुनिश्चितता। मल कारखाना स्थापनाका लागि आवश्यक जग्गा, भरपर्दो तथा प्रतिस्पर्धी दरमा विद्युत् आपूर्ति, पानीको उपलब्धता, इलेक्ट्रोलाइजर लगायत आवश्यक उपकरणको आयातमा लाग्ने कर तथा भन्सारसम्बन्धी व्यवस्था र अन्य सम्भावित लगानी प्रोत्साहनका विषयमा स्पष्ट आधार तयार गर्न सकिनेछ। साथै, उत्पादित मलको बजार सुनिश्चितता, सरकारले मल खरिद गर्ने सम्भावित व्यवस्था, खरिद मूल्य निर्धारण तथा दीर्घकालीन खरिद सम्झौतासम्बन्धी विकल्पको मूल्यांकन गर्न पनि यस प्रक्रियाले सहयोग पुऱ्याउनेछ। मन्त्रालयले ४५ दिनको समय तोकेर प्रस्ताव आह्वान गरेको छ। प्रस्ताव प्राप्त भएपछि तिनको प्राविधिक, आर्थिक तथा व्यावसायिक पक्षको मूल्यांकनका आधारमा सरकारले मल कारखाना स्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाउन सक्नेछ। यस प्रक्रियाले निर्णयलाई अनुमान र विगतका अध्ययनमा मात्र सीमित नराखी सम्भावित लगानीकर्ता तथा प्रविधि प्रदायकबाट प्राप्त ठोस प्रस्तावका आधारमा अगाडि बढ्न मद्दत गर्नेछ। यस परियोजनाको महत्त्व रासायनिक मल उत्पादनमा मात्र सीमित नभई नेपालको प्रचुर जलविद्युत् उत्पादन क्षमता र सौर्य ऊर्जालाई औद्योगिक क्षेत्रमा उपयोग गर्दै विद्युत् खपत बढाउने दृष्टिले पनि यो रणनीतिक अवसर हो। जलविद्युत् र सौर्य ऊर्जालाई एकअर्काको पूरक स्रोतका रूपमा उपयोग गरी परियोजनाको समग्र ऊर्जा सन्तुलन कायम गर्न सकिने सम्भावनालाई समेत यस प्रक्रियामा ध्यान दिन आवश्यक छ। ऊर्जा उपलब्धता, मौसमी उतारचढाव, विद्युत् आपूर्तिको विश्वसनीयता र उत्पादन लागतलाई ध्यानमा राख्दै जलविद्युत् तथा सौर्य ऊर्जाको उपयुक्त मिश्रणले कारखानाको सञ्चालन थप प्रभावकारी र आर्थिक रूपमा प्रतिस्पर्धी बनाउन सहयोग पुऱ्याउन सक्छ। आवश्यक कच्चा पदार्थ र स्वदेशी सम्भावना: ग्रिन युरिया भन्नाले नवीकरणीय ऊर्जाबाट उत्पादित हाइड्रोजन प्रयोग गरी बनाइने र उत्पादन प्रक्रियामा हरितगृह ग्यास उत्सर्जन कम गर्ने उद्देश्य राखिएको युरिया मललाई बुझाउँछ। यसको वातावरणीय लाभ सुनिश्चित गर्न हाइड्रोजन उत्पादनमा प्रयोग हुने ऊर्जा, कार्बन डाइअक्साइडको स्रोत र समग्र उत्पादन प्रक्रियाबाट हुने उत्सर्जनलाई ध्यानमा राख्न आवश्यक हुन्छ। ग्रिन युरिया उत्पादनका लागि आवश्यक मुख्य कच्चा पदार्थ हाइड्रोजन, नाइट्रोजन र कार्बन डाइअक्साइड हुन्। नेपालको जलविद्युत्, सौर्य ऊर्जा र पानीको प्रयोगबाट इलेक्ट्रोलाइसिस प्रक्रियामार्फत हाइड्रोजन उत्पादन गर्न सकिन्छ। वायुमण्डलबाट नाइट्रोजन प्राप्त गरी हाइड्रोजनसँग मिसाएर अमोनिया बनाउन सकिन्छ भने सिमेन्टलगायतका उद्योगबाट उत्सर्जित कार्बन डाइअक्साइड क्याप्चर गरी अमोनियासँगको रासायनिक प्रतिक्रियाबाट युरिया उत्पादन गर्न सकिन्छ। यसरी आवश्यक कच्चा पदार्थ स्वदेशमै उपलब्ध स्रोतबाट जुटाउन सकिने भएकाले नेपालमा ग्रिन युरिया उद्योग स्थापना गर्नु सम्भावनायुक्त र लगानीका दृष्टिले आकर्षक हुन सक्छ। यस प्रक्रियाले नेपालमा ग्रिन हाइड्रोजन, ग्रिन एमोनिया तथा सम्बन्धित औद्योगिक प्रविधिको विकास र व्यावसायिक परिपक्वतामा योगदान गर्न सक्छ। साथै, उपयुक्त प्रविधि र आर्थिक मोडालिटीका आधारमा कार्बन डाइअक्साइड क्याप्चर तथा उपयोग गर्ने प्रविधिको विकास र विस्तारका अवसरसमेत सिर्जना हुन सक्छन्। यसबाट हरित औद्योगीकरण, प्रविधि हस्तान्तरण, दक्ष जनशक्ति विकास, रोजगारी सिर्जना र स्वदेशी औद्योगिक क्षमताको विस्तारमा योगदान पुग्नेछ। यस प्रस्तावमा वार्षिक करिब पाँच लाख मेट्रिक टन ग्रिन युरिया उत्पादन क्षमताको व्यावसायिक प्लान्टलाई आधार बनाइएको छ। भविष्यमा बजारको माग, ऊर्जा उपलब्धता, प्रविधिगत सम्भाव्यता र लगानीको अवस्थाका आधारमा उत्पादन क्षमता थप विस्तार गर्न सकिने सम्भावनासमेत ध्यानमा राख्नुपर्छ। प्रारम्भिक अध्ययनअनुसार, वार्षिक पाँच लाख मेट्रिक टन क्षमताको ग्रिन युरिया प्लान्ट स्थापना गर्न करिब ५१६ मेगावाट विद्युत् र ३०-४० हेक्टर जग्गा आवश्यक पर्छ। यसबाट करिब पाँच सयदेखि सात सय जनाले प्रत्यक्ष स्थायी रोजगारी पाउनेछन् भने निर्माणाधीन अवस्थामा करिब दुई हजार पाँच सयदेखि तीन हजार जनाले रोजगारी पाउनेछन्। यस्तै, एक हजारदेखि एक हजार आठ सय जनाले अप्रत्यक्ष रूपमा हरित रोजगारी पाउन सक्नेछन्। यस परियोजनाको निर्माण अवधि करिब तीन-चार वर्षसम्मको हुने अनुमान छ। साथै, पाँच लाख मेट्रिक टन मल उत्पादन गर्दा सरकारले उपलब्ध गराउँदै आएको अनुदानबापतको वार्षिक करिब ६० अर्ब रुपैयाँ स्वदेशी उत्पादनमार्फत देशभित्रै रहने सम्भावना हुन्छ। यसका साथै, प्लान्ट सञ्चालनका क्रममा वार्षिक करिब तीन लाख ८६ हजार मेट्रिक टन कार्बन डाइअक्साइड उद्योगबाट क्याप्चर हुनेछ। नेपालमा मल कारखाना स्थापना गर्ने यो पहललाई किसानको समस्या समाधान गर्ने एउटा परियोजनाका रूपमा मात्र होइन, कृषि आत्मनिर्भरता, खाद्य सुरक्षा, जलविद्युत् र सौर्य ऊर्जाको उपयोग र हरित औद्योगीकरणलाई एकीकृत गर्ने राष्ट्रिय प्राथमिकताको परियोजनाका रूपमा अघि बढाउनुपर्छ।

साभार : कान्तिपुर।










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday